**मिति २०७९/०२/०४ गतेको ११६ औं गाउँ कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरुः**

| क्र. सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | पेश गर्ने विषयगत समिति/शाखा |
|---|---|---|---|
| १. | धन्यवाद व्यक्त गर्ने सम्बन्धमा । | स्थानीय तह सदस्य निर्वाचन २०७९ अन्तर्गत यस भगवतीमाई गाउँपालिकाको लागि भएको निर्वाचनलाई व्यवस्थित शान्तिपुर्ण र भयरहित वातावरणमा सम्पन्न गर्न सहयोग गर्नु हुने जनप्रतिनिधि राजनीतिक दल कर्मचारी बुद्धिजीवि शिक्षक समाजसेवी लगायत सम्पुर्ण भगवतीमाई गाउँपालिकावासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो । | |
| २. | धन्यवाद व्यक्त गर्ने सम्बन्धमा । | यस गाउँपालिकाका पहिलो कार्यकालका जनप्रतिनिधिहरुको कार्यकाल सफल बनाउन सहयोग गर्ने सबै पक्षलाई हार्दिक धन्यवाद व्यक्त गर्ने । | |

**मिति २०७९/०२/०४ गतेको ११६ औं गाउँ कार्यपालिकाको बैठकबाट भएका निर्णयहरुः**

१. स्थानीय तह सदस्य निर्वाचन, २०७९ अन्तर्गत यस भगवतीमाई गाउँपालिकाको लागि भएको निर्वाचनलाई व्यवस्थित शान्तिपुर्ण र भयरहित वातावरणमा सम्पन्न गर्न सहयोग गर्नु हुने जनप्रतिनिधि, राजनीतिक दल, कर्मचारी, बुद्धिजीवि, शिक्षक, समाजसेवी लगायत सम्पुर्ण भगवतीमाई गाउँपालिकावासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने तथा नवनिर्वाचित जनप्रतिनिधिहरुको सफल कार्यकालको शुभकामना व्यक्त गर्ने ।

२. यस गाउँपालिकाका जनप्रतिनिधिको पहिलो कार्यकालमा राजनीतिक दलहरुद्धारा घोषित प्रतिवद्धता, राष्ट्रिय र प्रादेशिक सोच तथा लक्ष्य, गाउँपालिकाले लिएका लक्ष्य र उदेश्य र गाउँपालिकाको समस्या र आवश्कयता अनुरुप कार्यसम्पादन गरी गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, संस्थागत विकास र सुशासनको क्षेत्रमा गाउँपालिकालाई जिल्लाकै अग्रणी स्थानमा ल्याउन योगदान तथा सहयोग पुर्याउनु हुने नेपाल सरकार, प्रदेश सरकार तथा छिमेकी स्थानीय तह, संघीय तथा प्रदेश माननीय ज्यूहरु, जिल्ला समन्वय समिति, जिल्ला स्थित सरकारी कार्यालय, सबै सुरक्षा निकाय, गाउँपालिकाका जनप्रतिनिधि, राजनीति दल, कर्मचारी, बुद्धिजीवि, शिक्षक, समाजसेवी, नागरिक समाज विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्था लगायत देश तथा विदेशमा रहनु भएका सम्पुर्ण गाउँपालिकावासीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्ने निर्णय गरियो ।